"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका

Mahalaxmi Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

मिति: २०७८/०१/२४

## स्वयम् सेवाको लागि महालक्ष्मी नगरपालिकाको अपिल

विश्वव्यापी रुपमा फैलिएको कोभिड–१९ को महामारीले मानव जीवन उपर ठुलो चुनौती दिएको छ । कोभिड–१९ को दोस्रो भेरियन्ट पहिलो भन्दा धैरै गुणा सङ्क्रामक एवं घातक देखिएको छ । कोभिड–१९ का विरामीहरु दिन प्रतिदिन उच्च दरमा थपिदै छन् । कोभिडका कारण मृत्यु हुनेहरुको दर र सङ्ख्या पनि अत्याउने गरी बढ्दो अवस्थामा रहेको छ । कोभिड–१९ का विरामीहरुले मुलुकभरका अस्पताल भरिएका छन् । बेडको अभावमा ठूलो सङ्ख्याका विरामीहरु अस्पताल भर्ना हुन पाएका छैनन् । उपचारको अभावमा मृत्यु हुनेको सङ्ख्या समेत बढ्दै गएको छ । अहिलेको महामारी नियन्त्रणमा विद्यमान स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको क्षमता नपुग देखिएको छ । अहिलेको जस्तो महामारी इतिहासमा निकै कम आउने गर्दछ। यस महामारीको संक्रमणबाट बचाउन हामी प्रत्येकले आ–आफ्नो स्थानबाट भूमिका निर्वाह गर्नु हामी सबैको दायित्व एवं कर्तव्य हो तसर्थ यस नगरपालिका क्षेत्रभित्र बसोबास गर्नुहुने सेवा निवृत हुनु भएका र हाल अन्यत्र सेवामा संलग्न नरहनु भएका विभिन्न स्तरका स्वास्थ्यकर्मीहरुले कोभिड–१९ को रोकथाम तथा नियन्त्रण एवम् उपचारमा योगदान गर्न सम्बन्धित सबैमा अपिल गर्दछु । यस जटिल अवस्थामा यस नगरपालिका अन्तर्गत स्वास्थ्य सेवा गर्न चाहनुहुने सेवा निवृत वा हाल सेवामा नरहुन भएका चिकित्सक, नर्स, पारामेडिक्स, ल्याव टेक्निसियन, हेल्थ असिस्टेन्ट लगायतका सबै प्रकारका स्वाथ्यकर्मीहरुले यस नगरपालिकाको निम्न इमेल मार्फत सेवा प्रतिवद्धतासहित आफ्नो विवरण उपलब्ध गराइ दिनुहुन सम्बन्धित सबैमा आह्वान गर्दछु ।

**इमेल ठेगाना**

**mahalaxmimun@gmail.com / info@mahalaxmimun.gov.np**

रामेश्वर श्रेष्ठ
नगर प्रमुख

फोन नं.: ०१-५२०३५९२, ०१-५२०१६३३, ०१-५२०१७३३
E-mail: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np